# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडा र नेपाल आर्थिक पत्रकार सङ्घका पदाधिकारीहरूबीच वैशाख १६ गते बैंकको केन्द्रीय कार्यालय, बालुवाटारमा भेटघाट सम्पन्न भयो ।



सो अवसरमा गभर्नर डा. खतिवडाले निक्षेप बढ्न नसकेर बैंक तथा वित्तीय संस्थाहरूले कर्जा प्रवाह गर्न नसकिरहेको अहिलेको अवस्थामा सुधार ल्याउन सञ्चार जगतले बैंकिङ क्षेत्रप्रति निक्षेपकर्ताको विश्वास बढाउने समाचार सम्प्रेषण गरेर निक्षेप बढाउन सहयोग गर्नुपर्ने बताउनुभयो ।

नेपाल राष्ट्र बैंकले देशको आर्थिक क्षेत्रको अनुगमन र वित्तीय क्षेत्रको नियमन गर्ने गरेको उल्लेख गर्दै केन्द्रीय बैंकले देशको आर्थिक वृद्धिदरको पूर्वानुमान गर्न सकिने भए तापनि यसको अन्तिम तथ्याङ्क केन्द्रीय तथ्याङ्क विभागले मात्र उपलव्ध गराउन सक्ने धारणा व्यक्त गर्नुभयो ।

सहकारी संस्थाहरूमा विकृति आयो भनेर सबै खाले सहकारी संस्थाहरूलाई आक्षेप लगाउन नमिल्ने विचार व्यक्त गर्दै गभर्नर डा. खतिवडाले देश र जनताको आर्थिक विकासमा सहकारी संस्थाहरूको योगदान कम आँकलन गर्न नमिल्ने बताउनुभयो । यसै प्रसङ्गमा उहाँले सबै सहकारी संस्थाहरू सहकारिताको भावना अनुरुप सञ्चालन हुनुपर्ने र बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूलाई नियमन गर्न एक निकाय तोकिनु अत्यावश्यक भएको बताउनुभयो ।

छलफलका क्रममा गभर्नर डा. खतिवडाले सर्वसाधारणमा शेयर निष्काशन गरी नसकेका बैंक तथा वित्तीय संस्थाहरूका लागि अहिलेको समय शेयर जारी गर्न उपयुक्त रहेको विचार व्यक्त गर्दै ती वित्तीय संस्थाहरूले यस अवसरलाई सदुपयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

देशका सबै ठाउँमा वित्तीय पहुँच पुऱ्याउन लघु वित्तको अवधारणा एक प्रभावकारी माध्यम हुनसक्ने चर्चा गर्दै उहाँले ग्रामीण क्षेत्रको निक्षेप त्यही क्षेत्रमा कर्जाको रूपमा लगानी गर्नसकिने वातावरण तयार गरिनुपर्ने बताउनुभयो ।

बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत र सञ्चालक समितिको खर्च नियमन गर्न ती संस्थाहरूको सञ्चालन खर्चको अध्ययन अनुसन्धान भइरहेको जानकारी दिँदै गभर्नर डा. खतिवडाले यसले ती संस्थाहरूको अस्वाभाविक प्रकृतिका खर्च नियन्त्रणमा सहयोग पुग्ने विचार व्यक्त गर्नुभयो ।

गभर्नरको कार्यालय